## पुर्वीचौकी गाउँपालिकाको सातौ गाउँ सभा

## गाउँपालिका प्रमुख श्री दिर्घराज बोगटीबाट प्रस्तुत

यस पुर्वीचौकी गाउँपालिकाको सातौ गाउँ सभाका सभाध्यक्ष ज्यू, विशिष्ट अथिति उपाध्यक्ष ज्यू आमन्त्रित अथिति ज्यू, गाउँसभाका सभासद ज्यू, राष्ट्र सेवक कर्मचारी तथा सुरक्षा निकायका प्रमुख संचारकर्मी मित्रहरु सबै ठाउँबाट पाल्नु भएका आदरणीय इष्टमित्र, समाजसेवी, वुद्धिजिवी महानुभावमा पुर्वीचौकी गाउँपालिकाको तर्फबाट हार्दिक हार्दिक स्वागत टक्रयाउन चाहान्छु ।

**आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :**

१. संघीय लोकतान्त्रिक गणतन्त्र सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था मौलिक हक विविधता बिच एकता सहिष्णुता र धर्मनिरपेक्षता जस्ता महत्त्वपुर्ण उपलब्धी संस्थागत हुदै गएको नेपालको संविधान कार्यान्वयनको चरणबाट अघि बढिरहेको छ । राष्ट्रिय स्वाधीनता र स्वाभिमान लोकतन्त्र दिगो शान्ति सुशासन विकास र समृद्धिको नयाँ युग सुरु भएको छ । यी ऐतिहासिक उपलब्धीका लागि आन्दोलनको क्रममा विभिन्न कालखण्डमा जीवन बलिदानी गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

२. कोरोना भाइरस Covid-19 महामारीबाट संक्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनु हुने नेपाली नागरिकहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । उपचारथ सम्पूर्ण संक्रमित व्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । साथै, कोरोना भाइरस Covid-19 महामारीको संक्रमण नियन्त्रण तथा न्युनिकरणका लागि दिनरात, प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा उपचार तथा समग्र व्यवस्थापनमा खटिरहनु भएका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, व्यवस्थापकीय पक्षमा खटिरहनु भएका कर्मचारीहरु तथा Corona Virus विरुद्धको अभियानमा सहकार्य र सहयोग गर्नुहुने संघीय सरकारका मन्त्री ज्यू, संघीय सांसद ज्यू, प्रदेश सरकारका मन्त्री ज्यू , प्रदेश सभाका सदस्य ज्यू,  पुर्वीचौकी गाउपालिकाका जनप्रतिनिधी ज्यु, निजी क्षेत्र, संघ संस्था, संचार जगत लगायत व्यापारी, वुद्धिजीवी तथा स्थानीयवासी आम जनसमुदायहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

३. हालै मात्र नेपाल सरकारबाट यस प्रदेश अन्तरगत दार्चुला जिल्लामा पर्ने लिम्पियाधुरा लिपुलेक र कालापानी समेतको नेपाली भुभाग समेटेर नक्सा जारी भएकोमा पुर्वीचौकी गाउपालिका र गाउपालिका वासीको तर्फबाट नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहान्छु । हाम्रो देशको भुभागमा बाह्यय अतिक्रमण समाप्त हुनुपर्छ र मातृभुमिको भौगोलिक अखण्डता सुदृढ रहनुपर्छ भन्ने हामी सबैको एउटै धारणा रहेको छ ।

४. नेपालको संविधान अनुरुप सुदुरपश्चिम प्रदेशको डोटी जिल्लामा अवस्थित पुर्वीचौकी गाउँपालिका डोटी जिल्लाको सदरमुकाम सिलगढीबाट पुर्वीभागमा पर्दछ । यस पुर्वीचौकी गाउँपालिकाको जम्मा जनसंख्या CBS २०६८ अनुसार २३,४८०। रहेको छ । भने यसको क्षेत्रफल ११७.६६ वर्ग किलोमीटर रहेको छ । पुर्वीचौकी गाउँपालिकाको उत्तर तिर बझाङ्ग दक्षिण पुर्व तिर अछाम  र पश्चिम तिर दिपायल सिलगढी नगरपालिका पर्दछ । समुन्द्री सतह अन्दाजी ११०० देखि ३५०० मीटर सम्मको उचाईमा अवस्थित छ । सिलगढी देखि पुर्व पुर्वीचौकी गाउँपालिकाको मध्यभागबाट पहलमान सिह स्वार राजमार्ग अछाम हुदै बाजुरासम्म कालोपत्र भएर जोडिएको छ जुन एक मात्रै सडक तराईसँग जोडिएको छ । यस पुर्वीचौकी गाउँपालिकाको सांस्कतिक महत्त्व आफ्नै खालको छ जस अनुरुप जात ४ वटा (ब्राह्मण, क्षेत्री, दलित, जनजाती ) रहेका छन भने जातजाती ४९ वटा रहेका छन् ।

५. यस पुर्वीचौकी गाउँपालिकाको सामर्थताका आधारमा पर्यटकीय क्षेत्र खप्तड धार्मिक पर्यटकीय क्षेत्र रानढुङ्गा त्रिवेवीधाम नेत्रश्वरी अमरसिह थापाले स्थापना गरेको अखण्डदिप प्रज्वलित हुने मालिका मन्दिर दुर्गा मन्दिर, सलकटयाल, तेडीको मन्दिर  शाजेन्द्रश्वर मस्टामाण्डौ आदि रहेका छन् । जलस्रोतमा मुख्य खोलाका रुपमा पुर्वीचौकी गाउपालिकाको बीच भाग बाट बग्ने गन्डीगाड फुलौटीगाड चिन्नीगाड र छोलेगाड रहेका छन् र अन्य साना खोलाहरु पनि प्रसस्त मात्रमा रहेका छन् । यहाका मानिसको मुख्य पेशाको रुपमा कृर्षि रहेको छ । जो जीवन निर्वाहको मुख्य आधारको रुपमा रहेको छ । यहाको कृषि उत्पादनमा धान, गहु, मकै, कोदो, र नगन्ने मात्रामा जौ खेती हुन्छ भने दलहनमा भटमास, मास, गहत, मसुरो र केराउ उत्पादन हुन्छ, तेलहनमा रायो तोरी तिल र तरकारी खेतीमा प्याज, गोलभेडा, लसुन, अदुवा, आलु, टमाटर, बन्दा, काउली, हरियो सिमी, भिट्टी बैगुन आदि उत्पादन हुन्छ । पशुपालनमा गाई, भैसी, गोरु, कुखुरा तथा बाख्रा आदि उत्पादन हुन्छन् । विशेषगरी गाई र भैसीलाई दुध र कम्पोष्टमलका लागि प्रयोग गरिन्छ । भने गोरु खेत जोत्नेमा प्रयोग गरिन्छ ।

६. यस पुर्वीचौकी गाउपालिकाको जम्मा जमिन मध्य अन्दाजी दुई तिहाई भाग वनले ओगटेको छ एक तिहाई भाग बाझो छ । वनमा साल, सल्ला, लालीगुँरास, बाझ, काफल, उतिस, कटुस, सिमल, रिठा, अमला आदि रहेका छन् भने जडीबुटीमा सुगन्धवाल, पाषणदेव, सिलाजीत, सुनभाणी, कुरिलो, चुत्रा, जटामसी, सुनगाभा, कचुर, कुकुरडाइनो, हर्रो, बर्रो, तितेपाती, टिमुर, पांगुर रहेका छन् । जंगली जनावरहरुमा चितुवा, बाघ, मृग, स्याल, बादर, ढेडुबादर, खरायो, भालु आदि रहेका छन् भने पन्छीमा कालिज, लुइचे, कोइली, तित्रा, डाँफे, च्याखुरा, जुरेली, काठफोर, ढुकुर आदि रहेका छन् ।

७. यसै पुर्वीचौकी गाउँपालिका अन्र्तगत विद्यालयहरुमा प्रारम्भिक वालविकास केन्द्र ५२, आधारभुत प्रा.वि ४३ वटा, कक्षा ६ देखि ८ सम्मका नि.मा.वि १४ वटा, कक्षा ९ देखि १० सम्म ८ वटा र कक्षा ११ देखि १२ सम्म ३ वटा तथा समुदायबाट सञ्चालित सामुदायिक सिकाई केन्द्र (CLC) ६ वटा रहेका छन् ।

८. पर्यटकिय क्षेत्रको अपार सम्भावना रहेको भू-स्वर्ग खप्तडको प्रवेशद्वार झिग्राना तथा चौखुट्टे पनि यसै पूर्वीचौकी गाउँपालिकामा अवस्थित छ । आज यो गाउँपालिका विविध सम्भावना र अवसर र चुनौतिको बिचमा उभिएको

छ । पुर्वीचौकी गाउपालिकाको एकतामा जोड दिदै संस्कृति सम्पदा र कलाको जगेर्ना गरि शिक्षा, स्वास्थ्य, पिउने पानी, हरियालीयुक्त पूर्वीचौकी गाउँपालिका, सुन्दर पूर्वीचौकी गाउँपालिका बातावरण मैत्री बनाउन प्रण गरि अगाढी बढेको पूर्वीचौकीको गौरवसाली इतिहास, समृद भविष्यको बिचमा उर्जाइत वर्तमान लिएर उभिएका छौ । यस अर्थमा हामी पूर्वीचौकी बासी सौभाग्यसाली छौ

९. खप्तड संग जोडिएको जलस्रोत, जडिबुटी, कृषि, प्रयटनको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी पूर्वीचौकीको स्रोत र साधनको सु-व्यावस्थित उपयोगले पुर्बिचौकी बासीको सम्वृदि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा गाउँपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरि नीति तथा कार्यक्रम तय गर्न यो गाउँसभा सफल हुने विश्वास लिएको छु ।

१०. यस गरिमामय सभामा गाउँपालिकाको तर्फबाट गाउँको सम्पूर्ण विकासको लागि मार्ग दर्शनको रुपमा रहने आगामी आ.व. २०७७।०७८ को वार्षिक नीति, कार्यक्रमको जानकारी गराउन पाउँदा अत्यन्त खुशी लागेको छ । यस अवसरमा गाउँपालिकाका प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, गाउँशभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, संचार जगत, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु एवम पूर्वीचौकी गाउँबासी सम्पूर्ण आदरणीय आमा-बुबा, दाजु-भाइ तथा दिदी-बहीनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

**आदरणीय सभासद ज्यू तथा उपस्थित महानुभावहरु :**

(क) **पृष्टिभुमी :** राजनीतिक परिवर्तन उतार चढावका श्रृखला पार गर्दै अन्तत्वगत्वा २०६२।२०६३ सालको जनआन्दोलन तत्कालिन समयको नेकपा माओवादीको जनयुद्धका कारण २४० वर्ष सम्मको लामो निरकुश पंन्चायती व्यवस्थाको अन्त्य गरी नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको छ । जसअनुसार जनताले २०७२ साल असोज ३ गते संविधान प्राप्त गरेको थिए । राजनीतिक रुपमा नेपालले प्राप्त गर्नुपर्ने सफलता सबै प्राप्त गरेको छ भने यसलाई संस्थागत गर्न अझै बाँकी रहेको छ र नेपालको संविधान अनुसार ३ तहका सरकार स्थापित छन । अव हामीले आर्थिक समृद्धि हासिल गरि सुखी नेपाली र समृद्ध नेपालको नारा सफल पार्ने यात्राबाट गन्तब्यमा पुग्नुपर्ने छ । नेपालको संविधान अनुसार सुदुरपश्चिम प्रदेशमा असार १४ गते निर्वाचन भई २०७४ साल असार १६ गते मतपरिणाम आई २०७४ साल असार २२ गते पदवहाली गरिएको थियो। नेपालको कानुन अनुसार संघीय प्रणालीमा प्रवेश गरिसकेपछि स्थानीय सरकारले पनि नेपालको संविधानको धारा २२६ अनुसार ऐन कानुन निर्माण गरेर मात्र अगाडी बढनु पर्ने कानुनी व्यवस्था थियो । तर हामी निर्वाचित हुदा पहिले संघ र प्रदेशको निर्वाचन नभई पहिला स्थानीय तहको निर्वाचन भयो । हामी निर्वाचित हुदा संघीय संरचनाका कुनैपनि क्षेत्र विधिवत रुपमा संस्थागत भैसकेको थिएन । गाउपालिकाको भवन थिएन । जसले गर्दा गाउपालिकाका काम अगाडी निक्कै चुनौती पुर्ण थियो भने अर्को तिर जनताका बिच निर्वाचनमा जादा विकास, सुशासन, गरीवी निवारण तथा सामाजिक वहिष्करणमा रहेकालाई मुल प्रभाव गर्ने विषय चुनौतीपुर्ण

२. विद्यालयका विद्यार्थीलाई Dropout बाट रोक्ने र स्कुल शत प्रतिशत भर्ना हुने निति अवलम्बन गर्ने र १८ वर्ष भन्दा मुनीका वालवालिकाहरुलाई भारत पठाउने अभिभावकहरुको गाउपालिकाबाट पाउने सेवा सुविधा रोक्ने नीती लिइने छ ।
३. सिकाईको उपलब्धी प्रत्येक वर्ष वृद्धि गर्न विद्यालयलाई विषेश पुरस्कारको व्यवस्था गर्ने नीती लिइने छ । यसका लागि रु १ लाख विनियोजन गरिएको छ ।
४. हाल कोरोना भाइरस कोभिड १९ का कारणले बहुसंख्यक मानिसको रोजगार गुम्ने खतरा देखिएको छ त्यसकारण उपभोक्ता मार्फत हुने निर्माण आयोजनामा ५० हजारको हकमा ५ हजार, १ लाखको हकमा १० हजार, २ लाखको हकमा १२ हजार, ३ लाखको हकमा १५ हजार, ४ लाखको हकमा २० हजार, ५ लाखको हकमा २५ हजार, ६ लाखको हकमा ३० हजार, ७ लाख देखि १५ लाख सम्मको हकमा ४० हजार, १६ लाख देखि ३० लाख सम्मको हकमा ५० हजार, ३१ लाख देखि ५० लाख सम्मको हकमा ६५ हजार, ५० लाख देखि १ करोड सम्मको हकमा ८० हजार सम्म उपभोक्ता समितीको खर्च निर्धारण गर्ने तथा बाँकी हुन आउने रकम बराबरको काम सम्पुर्ण समुदायका व्यक्तिहरुले बराबार दिन काम गरी बराबर पैसा भुक्तानी गर्ने नीती अवलम्बन गरिने छ ।
५. यस गाउपालिका अन्तरगत भएका ६० वर्ष भन्दा माथिका दिर्घरोगीलाई निशुल्क औषधी तथा बिमा गर्ने निति अवलम्बन गरिने छ । यसका लागि रु ५ लाख रकम विनियोजन गरिएको छ ।
६. पुर्वीचौकी वृहत खानेपानी आयोजना अन्तरगत सुडीभकार, जाजरकोट खानेपानी योजना अन्तरगत गापाको नारा **एक घर एकधारा, पानी नै जमीनको साहारा** अनुसार संघीय सरकारबाट योजनाको लागत, डिजाइन इष्मेट भएकोले यथासिघ्र खानेपानी निर्माण गर्नका लागि संघीय सरकार सँग पहल गरिने छ ।आ.व २०७७।०७८ अनुसार संघीय सरकारबाट गा.पालाई प्राप्त हुने रकम अनुसार चौखुट्टे खानेपानी ६० लाख, शाजेन्द्रश्वर खानेपानीमा ५० लाख तथा सरस्वती मावि छात्रावास ७९ लाखलाई प्रभावकारी रुपमा निर्माण गर्न आवश्यक पहल गरिने छ ।
७. युवाहरुको शारीरिक, मानसिक तथा भौतिक विकास लागि विभिन्न खेलकुद आयोजना गरिने छ । जस अन्तरगत अध्यक्ष कप,  राष्ट्रपति रनिङ्ग सिल्ड तथा वडा अध्यक्षकप आदि । यसका लागि रु १२ लाख विनियोजन गरिएको छ ।
८. पुर्वीचौकी गापा अन्तरगतको सामुदायिक सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा सानागाउ स्वास्थ्य चौकीलाई तोकी सेवा प्रदान गर्ने  नीति अवलम्बन गरिने छ ।
९. पुर्वीचौकी गापा अन्तरगत सानागाउ स्वास्थ्य चौकीलाई विषेशज्ञ सहितको स्वास्थ्य सेवा प्रदान गर्नका लागि १ जना MBBS डाक्टरको व्यवस्था गरिने छ । डाक्टरको व्यवस्था तथा स्वास्थ्य उपकरण खरिदका लागि रु ३० लाख रकम विनियोजन गरिएको छ ।
१०. Corona Virus Covid-19 बाट प्रभावित भएका वेरोजगारी व्यक्तिहरु, विभिन्न किसिमका हिसा पीडित व्यक्तिहरु, मानसिक समस्या भएका व्यक्तिहरुलाई मनोरन्जन तथा मनो परापर्श प्रदान गर्नका लागि योग तथा मनो मरापर्श कर्ता भर्ना गर्ने निति अवलम्बन गरिने छ ।

